# सर्वोच्च अदालतको सूचना

## सर्वोच्च अदालत (दोश्रो संशोधन) नियमावली, २०५०

सर्वोच्च अदालत नियमावली, २०४९ लाई संशोधन गर्न वान्छनीय भएकोले, सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (दोश्रो संशोधन) नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली मिति २०५०।७।२४ देखि प्रारम्भ हुनेछ ।

२. सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० मा संशोधनः– सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० को उपनियम (१) मा रहेको "पचास रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँचसय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
माधवदत्त भट्ट
रजिष्ट्रार, सर्वोच्च अदालत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२२९